**बेसीशहर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**


पत्र संख्या: २०८०।०८१ च.नं. राजश्व शाखा/.......... मिति: २०८०।०९।२०

# सूचना ! सूचना !! सूचना !!!

**(नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रीको लागि ईजिपी प्रकृयामा सहभागी हुने सम्बन्धी)**

**(दोस्रो पटक प्रकाशित सूचना लाँगू हुने मिति : २०८०/०९/२२)**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग, सम्बन्धी कार्यविधि, २०७४ को अधिनमा रही बेसीशहर नगर कार्यपालिकाको निर्णयानुसार तपसिलमा उल्लेखित ड्याम साईड क्षेत्रका स्वीकृत घाटहरुबाट निश्चित समयावधि भित्र निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी तोकिएको दररेटमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही **E-gp** प्रकृयाद्धारा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०८०।०८।१९ मा ३० दिने सूचना प्रकाशन गरिएकोमा कुनै पनि बोलपत्रहरु पेश हुन नआएकोले पुनः दोस्रो पटक यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा वेभसाईट www.besishaharmunicipality.gov.np वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

## ठेक्काको विवरण

| क्र सं. | ठे. नं. | उत्खनन् गरिने घाटको नाम तथा सिमांकन क्षेत्र | वडा नं. | लम्वाई (मि) | चौडाई (मि) | उचाई (मि) | उत्खनन् योग्य परिणाम घ.मि. | न्यूनतम ठेक्का रकम (भ्याट वाहेक) | बो.प. फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७ | **गैरी क्याम्पस मुनी खण्ड (क)** (गैरी क्याम्पस झोपुबाट माथि तल्लो खण्ड) | २.११ | १२० | ६० | ४ | १४४०० | ४५,७५,०००।- | ३०००।- | |
| २ | १८ | **गैरी क्याम्पस मुनी खण्ड (ख)** (गैरी क्याम्पस झोपुबाट माथि माथिल्लो खण्ड) | २.११ | १२० | ६० | ४ | १४४०० | ४५,७५,०००।- | ३०००।- | |
| ३ | १९ | **गाइखुरे छहरा खण्ड (क)** (गैरी क्याम्पसको झोपुदेखि तल्लो खण्ड वडा नं. १ र २ को सिमाना राक्से खोला माथिसम्म) | २. ११ | ९० | ६० | ४ | १०८०० | ३४,३०,०००।- | ३०००।- | |
| ४ | २० | **गाइखुरे छहरा खण्ड (ख)** (वडा नं. १ र २ को सिमाना राक्से खोला (खण्ड क) को सिमानादेखि तल प्रतिक्षालय मुनीसम्म) | १.११ | ९० | ६० | ४ | १०८०० | ३४,३०,०००।- | ३०००।- | |
| ५ | २१ | **गाइखुरे छहरा खण्ड (ग)** (प्रतिक्षालय मुनी खण्ड ख को सिमानादेखि तल गाइखुरे झरनाको सिमानासम्म) | १.११ | १३५ | ४० | ४ | १०८०० | ३४,३०,०००।- | ३०००।- | |
| ६ | २३ | **क्रसर उद्योग मुनी खण्ड (क)** (आकासे भीर प्रतिक्षालय मुनिदेखि ११० मि. तलको भाग) | १ | ११० | ८० | ५ | २२००० | ७२,५०,०००।- | ३०००।- | |
| ७ | २४ | **क्रसर उद्योग मुनी खण्ड (ख)** (खण्ड (क) को सिमानादेखि तल आकासे भोटे खोर्ल्सीसम्म) | १ | ११५ | ८० | ५ | २३००० | ७२,५०,०००।- | ३०००।- | |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी र प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा रा.बा. बैंक, बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरेको भौचर संलग्न गरी ईविडिङ प्रकृया (www.bolpatra.gov.np) बाट बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ ।

२. बोलपत्र दाखिला गर्ने बोलपत्रदाताले बोलपत्र फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम रा. बा. बैंक, बेसीशहरमा रहेको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा “क” वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तिमा १२० दिन अवधिको विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

३. बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई २०८० माघ ८ गते १२:०० बजेभित्र ईजिपी प्रकृया ( www.bolpatra.gov.np) मार्फत आवश्यक कागजातहरु स्क्यान गरी अपलोड गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजेदेखि निर्माण ब्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै, बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहीबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. यो ठेक्काको अवधि आगामी २०८१ जेष्ठ मसान्तसम्मको लागि मात्र हुनेछ । यस कार्यालयबाट बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र बोलपत्रदाताले कवोल गरेको पुरै रकमको मुल्य अभिबृद्धि कर (भ्याट १३%) तथा नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य करहरु चुक्ता गरेको सक्कलै बैंक भौचर समेत लिई कार्यालयमा उपस्थित हुनु पर्नेछ । कवोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम ठेक्का अंक वाहेकको रकममा १०% रकम छुट दिइनेछ । किस्ताका आधारमा रकम बुझाउने भए प्रथम किस्ता वापत ५०% रकम सम्झौताका बखत र दोस्रो किस्ता रकम चैत्र मसान्तभित्र अनिवार्य बुझाई सक्नु पर्नेछ । अन्यथा, मासिक १०%का दरले हर्जना लाग्नेछ । दोस्रो किस्ता वापतको रकमको हकमा २०८१ बैशाख मसान्तसम्म अवधि भएको बाणिज्य बैंक अन्तर्गत “क” वर्गको बैंकबाट जारी भएको सक्कलै बैंक जमानी पत्र (परफर्मेन्स वण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

७. उल्लेखित सबै घाटहरुमा नदीको सिमानादेखि १० मिटरसम्मको भाग वाहेकको स्थानबाट मात्र निर्माण सामाग्री उत्खननको कार्य गर्न सकिनेछ ।

८. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमनुसार अन्य वोलपत्रदातासँग ठेक्का बन्दोबस्त गरिनेछ वा निर्णयानुसार गरिनेछ ।

९. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१०. ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले थुनछेक गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा सुचना रद्ध गरी यस कार्यालयको निर्णयानुसार लागू हुनेछ ।

११. नेपाल सरकारले विक्री कर छुटका लागि गरेका निर्णय बाहेक यस बेशीसहर नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गरे वापत नगरपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको प्राकृतिक श्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. "स्थानीय सरकार संचालन ऐन, २०७४", "प्रादेशिक वातावरण संरक्षण ऐन, गण्डकी प्रदेश, २०७७", "ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७", यस कार्यालयको "बेसीशहर नगरपालिकाको क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४", यस कार्यालयको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८०", नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं र अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन् ।

.........................................
चैतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत